**आकाशवाणी समाचार- नेपाली**
**मितिः ०२ अप्रेल २०२६**
**समयः ०७:२५ - ०७:३५ बजे (*अवधिः १० मिनट*)**

**<u>प्रमुख समाचार</u>**

- **प्रधानमन्त्री नरेन्द्र मोदीले हिज विभिन्न मन्त्रालय अनि विभागका कार्यक्रमहरूको समीक्षा गर्न अनि पश्चिम एसियामा चलिरहेको द्वन्द्वसँग सम्बन्धित पहलहरूबारे चर्चा गर्न सुरक्षा सम्बन्धी मन्त्रिपरिषद् समितिको विशेष बैठकको अध्यक्षता गर्नुभयो।**

- **अमेरिकाका रास्ट्रपति डोनाल्ड trump ले आज देशको नाम सन्देशमा ईरानमा आफ्नो मिशन पुरा भएको बताउनुभएको छ |**

- गृह मंत्री अनि भारतीय जनता पार्टीका नेता अमित शाह असम विधानसभा चुनावको लागि एनडीए उम्मीदवारहरुको समर्थनमा प्रचारको लागि दुई दिनको भ्रमणमा आज अपरान्ह असम जानुहुनेछ ।

- **संसदको बजेट सत्र आज समाप्त हुँदैछ। राज्यसभाले आज आन्ध्र प्रदेश पुनर्गठन (संशोधन) विधेयक, 2026 मा चर्चा हुने अपेक्षा गरिएको छ।**

- देशको विभिन्न भागहरुमा आज हनुमान जन्मोत्सव पुरा श्रद्धाको  साथ मनाइन्दै छ ।

**<u>प्रधानमन्त्री समीक्षा बैठक</u>**

प्रधानमन्त्री नरेन्द्र मोदीले हिज विभिन्न मन्त्रालय अनि विभागका कार्यक्रमहरूको समीक्षा गर्न अनि पश्चिम एसियामा चलिरहेको द्वन्द्वसँग सम्बन्धित पहलहरूबारे चर्चा गर्न सुरक्षा सम्बन्धी मन्त्रिपरिषद् समिति (CCS) को विशेष बैठकको अध्यक्षता गर्नुभयो।यस विषयमा CCS को यो दोस्रो विशेष बैठक थियो। बैठकको क्रममा, प्रधानमन्त्रीले आम मानिसका लागि आवश्यक वस्तुहरूको उपलब्धताको मूल्याङ्कन गर्नुभयो। उहाँले देशमा उर्वरको उपलब्धता र खरीफ अनि रबी अन्नबालीहरूको उपलब्धता सुनिश्चित गर्न चालिएका कदमहरूको बारेमा पनि चर्चा गर्नुभयो। प्रधानमन्त्रीले नागरिकहरूलाई चलिरहेको द्वन्द्वको प्रभावबाट जोगाउन सकेसम्म प्रयास गर्ने पनि निर्देशन दिनुभयो। श्री मोदीले सबै सम्बन्धित विभागहरूलाई वर्तमान विश्वव्यापी परिस्थितिबाट प्रभावित नागरिकहरू र क्षेत्रहरूले सामना गरिरहेका कठिनाइहरूलाई कम्ति गर्न सबै सम्भावित उपायहरू अपनाउने पनि निर्देशन दिनुभयो। यसका साथै, आवश्यक आपूर्तिको स्थिरता सुनिश्चित गर्न LPG र LNG आपूर्तिको विविधीकरण, इन्धन शुल्कमा कटौती र विद्युत क्षेत्रसँग सम्बन्धित उपायहरूको पनि समीक्षा गरियो।

**<u>अमेरिका-वेनेजुएला प्रतिबंध</u>**

अमेरिकाका रास्ट्रपति डोनाल्ड trump ले आज देशको नाम सन्देशमा ईरानमा आफ्नो मिशन पुरा भएको बताउनुभएको छ|उहाले इरानको मिसाईल अनि ड्रोन क्ष्मता समाप्त भएको दावी गर्नुभएको छ | साथै इरानको वानुसेना अनि नौसेना धेरै कम्जोर भैसकेको पनि उहाले बताउनुभएको छ |

BYTE

यसै बीच अमेरिकाले भेनेजुएलाका कार्यवाहक राष्ट्रपति डेल्सी रोड्रिगेज माथिको प्रतिबन्ध हटाएको छ। अमेरिकी विदेशी सम्पत्ति

नियन्त्रण कार्यालयको एक वेबसाइटमा रोड्रिगेजको नाम अमेरिकी प्रतिबन्ध सूचीबाट हटाइएको उल्लेख छ।३ जनवरीमा कारा-कसमा अमेरिकी सेनाद्वारा पूर्व राष्ट्रपति निकोलस मादुरो र उहाको श्रीमतीलाई पक्राउ गरेपछि अमेरिका र भेनेजुएलाको अन्तरिम सरकारबीच बढ्दो सम्बन्धको बीचमा प्रतिबन्धहरू सहज पारिएको छ ।

**अमित शाह असम**

गृह मंत्री अनि भारतीय जनता पार्टीका नेता अमित शाह असम विधानसभा चुनावको लागि भारतीय जनता पार्टी अनि एनडीए उम्मीदवारहरुको समर्थनमा प्रचारको लागि दुई दिनको भ्रमणमा आज अपरान्ह असम जानुहुनेछ । श्री शाह नौगांव जिल्लाको कालीबोर निर्वाचन क्षेत्रमा असम गण परिषदका उम्मीदवार केशब महंताको समर्थनमा आज अपरान्ह तीन बजे मिस्सा हाई स्कूलमा एक जनसभालाई संबोधित गर्नुहुनेछ ।श्री शाहले भोली  गोलोकगंज निर्वाचन क्षेत्रबाट भाजपा उम्मीदवारको लागि धुबरी जिल्लाको  रतियादाहामा मेला मैदान क्षेत्रमा बिहान 11 बजे एक रैलीलाई संबोधित गर्नुहुनेछ ।त्येस पछि उहाले दुधनोई निर्वाचन क्षेत्रका उम्मीदवारको समर्थनमा दिनमा लगभग एक बजे चुनावी रैलीलाई संबोधित गर्न गोलपाडाको लागि प्रस्थान हुनुहुनेछ । उहाले भोली साझ लगभग तीन बजे पालसबाड़ी निर्वाचन क्षेत्रका उम्मीदवारको लागि चायगांव उच्चतर माध्यमिक विद्यालयमा एक अन्य जनसभालाई पनि संबोधित गर्नुहुनेछ ।

**संसद**

संसदको बजेट सत्र आज समाप्त हुँदैछ। राज्यसभाले आज आन्ध्र प्रदेश पुनर्गठन (संशोधन) विधेयक, 2026 मा चर्चा हुने अपेक्षा गरिएको छ।

बजेट सत्रको पहिलो चरण 28 जनवरी  देखि 13 फरवरी सम्म सञ्चालन भएको थियो। सत्रको दोस्रो चरण 8 मार्चमा सुरु भएको थियो । पहिलो चरणमा राष्ट्रपतिको सम्बोधन र बर्ष 2026 – 27 को लागि केन्द्रीय बजेटमा धन्यवाद प्रस्ताव समावेश थियो। दोस्रो चरणमा संसदले वित्त विधेयक 2026 र विनियोजन विधेयक 2026 लाई अनुमोदन गऱ्यो। यस अवधिमा प्रधानमन्त्री नरेन्द्र मोदीले संसदका दुवै सदनमा पश्चिम एसिया द्वन्द्वबाट उत्पन्न परिस्थिति माथि सरकारको अडान प्रस्तुत गर्नुभयो।

**शिवराज कृषि मंत्री बैठक**

कृषिमन्त्री शिवराज सिंह चौहानले १९ राज्यमा हालसम्म ९ करोड २५ लाख किसान परिचयपत्र जारी गरिएको बताउनुभयो। श्री चौहानले हिज  विभिन्न राज्यका कृषिमन्त्रीहरूसँग समीक्षा बैठक गर्नुभयो। बैठकमा कृषिमन्त्रीले राज्यहरूलाई  उर्वर भण्डारण र कालोबजारी विरुद्ध कडा कारबाही गर्न निर्देशन दिनुभयो। उहाँले कृषकहरूले आफ्नो उत्पादनको उचित मूल्य पाउनुपर्छ, उनीहरूको गुनासो समयमै समाधान गरिनुपर्छ र कृषकहरूबाट सिधै खरिद गरिनुपर्छ भन्ने कुरा माथि जोड दिनुभयो।श्री चौहानले खरिद केवल उचित औसत गुणस्तरको उत्पादनमा मात्र सीमित गर्न निर्देशन दिनुभयो। उहाँले कृषकहरूलाई आधार-लिङ्क गरिएको पोर्टलमा दर्ता गरिनुपर्ने र खरिद केन्द्रहरूमा बायोमेट्रिक वा अनुहार पहिचान अनिवार्य गरिनुपर्ने बताउनुभयो ।

क्षेत्रीय कृषि सम्मेलनहरूको आयोजनको बारेमा जानकारी साझा गर्नुहुदै, कृषिमन्त्रीले देशलाई पाँच कृषि-जलवायु क्षेत्रमा विभाजन गरिने र प्रत्येक क्षेत्रको लागि व्यापक चर्चा गरिने बताउनुभयो। यस अनुसार, पश्चिमी क्षेत्रको लागि पहिलो सम्मेलन 7 अप्रिल मा जयपुरमा आयोजना हुनेछ।

**रक्षा मंत्रालय - उपयोग**

रक्षा मन्त्रालयले वित्त वर्ष २०२५-२६ मा रक्षा सेवाहरूको लागि छुट्याइएको १ लाख ८६ हजार करोड रुपियाँको पूँजीगत परिव्यय पूर्ण रूपमा उपयोग गरेको छ। नागरिक र पेन्सन सहित रक्षा बजेटको कुल उपयोग ९९.६२ प्रतिशत रहेको छ।अपरेशन सिन्दूर पछि बढेको खर्च र थप आवश्यकताहरूका कारण १ लाख ८० हजार करोड रुपियाँको प्रारम्भिक विनियोजन पछि बढाइएको थियो। मन्त्रालयले बताए अनुसार प्रमुख खर्च विमान र हवाई इन्जिन, भूमि प्रणाली, इलेक्ट्रोनिक युद्ध उपकरण, हतियार र जहाज निर्माणमा थियो। वित्त वर्ष २०२६-२७ को लागि मन्त्रालयलाई २ लाख १९ हजार करोड रुपियाँ

विनियोजन गरिएको छ। यो रक्षा आधुनिकीकरणको लागि २२ प्रतिशतले वृद्धि हो।

**हनुमान जन्मोत्सव**

देशको विभिन्न भागहरुमा आज हनुमान जन्मोत्सव पुरा श्रद्धाको साथ मनाइन्दै छ । राजधानी दिल्लीमा श्रद्धालुहरु बिहान देखिनै हनुमान मंदिरहरुमा दर्शनको लागि गैरहेका छन् । नयाँ दिल्लीको कनॉट प्लेसमा प्राचीन हनुमान मंदिरमा धेरै संख्यामा श्रद्धालुहरु पुगिरहेका छन् । यस अवसरमा मंदिरहरुमा हनुमान चालीसा, सुंदर कांड अनि अखंड रामायणको पाठ गरिँदैछ । उत्तर प्रदेशमा पनि हनुमान मंदिरहरुमा ठुलो संख्यामा श्रद्धालु एकत्रित भएका छन् । अयोध्याको हनुमानगढ़ी मंदिरमा पनि यस अवसरमा मानिसहरु धेरै संख्यामा पुगिरहेका छन् । धेरै स्थानहरुमा भंडार भोजको पनि आयोजन गरिएको छ ।

**एनईएसटी - स्थापना दिवस**

केन्द्रीय जनजातीय कार्य मन्त्री जुएल ओरामले गुणस्तरीय शिक्षा मार्फत जनजातीय समुदायलाई सशक्त बनाउने सरकारको प्रतिबद्धता दोहोऱ्याउनु भयो। जनजातीय विद्यार्थिहरुको लागि राष्ट्रिय शिक्षा समितिको 8औं स्थापना दिवसमा नयाँ दिल्लीमा बोल्नुहुदै श्री ओरामले जनजातीय समुदायको विकासको लागि एकलव्य मोडेल आवासीय विद्यालय पहल महत्त्वपूर्ण रहेको बताउनुभयो। उहाँले भन्नुभयो यी संस्थाहरूले जनजातीय बालबालिका, विशेष गरी दुर्गम क्षेत्रका बालबालिकाहरूलाई समग्र शिक्षा प्रदान गर्न महत्त्वपूर्ण भूमिका खेलिरहेको छ। श्री ओरामले व्याख्या गर्नुभयो एकलव्य विद्यालयहरूमा उपलब्ध आधुनिक सुविधाहरू विद्यार्थीहरूको चौतर्फी विकास सुनिश्चित गर्ने उद्देश्य राख्दाछ। यी विद्यालयहरूमा सुसज्जित कक्षा, डिजिटल शिक्षण उपकरणहरू, खेलकुद पूर्वाधार र आवासीय सुविधाहरू, विद्यार्थीहरूमा सीप विकास, सांस्कृतिक संरक्षण र शैक्षिक उत्कृष्टतालाई बढावा दिने सुविधाहरू छन्।यस अवसरमा, जनजातीय कार्य राज्यमन्त्री दुर्गादास उइकेले प्रधानमन्त्री नरेन्द्र मोदीको नेतृत्वमा शिक्षादेखि अन्य क्षेत्रहरूमा आदिवासी समुदायहरूको व्यापक विकासको लागि विभिन्न योजनाहरू सञ्चालनमा रहेको बताउनुभयो।

**पश्चिम बंगाल - एग्जिट पोल प्रतिबंध**

पश्चिम बंगालका मुख्य निर्वाचन अधिकारीले राज्यमा एक्जिट पोलको सञ्चालन, प्रकाशन वा प्रचारमा पूर्ण प्रतिबन्ध लगाउने सूचना जारी गर्नुभएको छ। निर्वाचन आयोगले गत महिनाको १६ तारिख चुनावको मिति घोषणा गर्दा यस सम्बन्धमा निर्देशन जारी गरेको थियो। यो प्रतिबन्ध जनप्रतिनिधित्व ऐन, १९५१ अन्तर्गत सबै प्रकारका मिडिया - प्रिंट, इलेक्ट्रोनिक, वा प्रसारको अन्य कुनै पनि माध्यममा लागू हुनेछ । यो प्रतिबन्ध 9 अप्रिल बिहान 7 बजेदेखि 29 अप्रिल साँझ 6 बजेर 30 मिनेट सम्म लागू हुनेछ।